आज मिति २०७५।०६।०२ गतेका दिन यस छथर गाँउ कार्यपालिकाको अध्यक्ष श्री सन्तविर लिम्बुज्यूको अध्यक्षतामा देहाय अनुसारको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा छथर गाँउ कार्यपालिकाको वैठक वसि तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति :-**

| सि.नं. | पद | नाम, थर | उपस्थिति | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री सन्तविर लिम्बु | | |
| २ | उपाध्यक्ष | श्री तारा खरेल (ढकाल) | | |
| ३ | सदस्य | श्री नुमबहादुर मगर | | |
| ४ | सदस्य | श्री कुलबहादुर कार्की | | |
| ५ | सदस्य | श्री तुलसीजंग थापा | | |
| ६ | सदस्य | श्री उपेन्द्रबहादुर लिम्बु | | |
| ७ | सदस्य | श्री पुण्यप्रसाद ढकाल | | |
| ८ | सदस्य | श्री टेकराज लिम्बु | | |
| ९ | सदस्य | श्री मन्दिरा कार्की | | |
| १० | सदस्य | श्री कमला नेपाली | | |
| ११ | सदस्य | श्री हस्तमाया लिम्बु | | |
| १२ | सदस्य | श्री विष्णुमाया सुवेदी | | |
| १३ | सदस्य | श्री राजन नेपालीं | | |
| १४ | सदस्य | श्री लाक्पाछुत्री शेर्पा | | |
| १५ | सदस्य सचिव | श्री सूर्यबहादुर भण्डारी | | |

**आमन्त्रितहरु :**

**प्रस्तावहरु तथा निर्णयहरु :**

**प्रस्ताव नं.१ गत आ.व.को उपलव्धी समिक्षा सम्बन्धमा ।**

***निर्णय नं.१*** माथि उल्लेखित प्रस्तावमा छलफल गर्दा गत आ.व. मा सम्पन्न गरिएको योजना तथा कार्यक्रमहरुको उपलव्धी सम्बन्धमा छलफल गर्दा उक्त योजना तथा कार्यक्रमहरु सन्तोषजनक रुपमा सञ्चालन गरिएको साथै गत आ.व. को योजना तथा कार्यक्रमहरु मध्ये मूख्य मूख्य १० वटा उपलव्धीको सम्बन्धमा समेत छलफल गरिएको र यस चालु आ.व. को कार्यक्रम समेत समयमानै सम्पन्न गर्ने सम्बन्धमा समेत घनिभूत रुपमा छलफल गरियो ।

**१० वटा उपलव्धीहरु** :

१. सिधुवा शुक्रबारे सडक मर्मत गरी बाह्रै महिना सवारी साधन सञ्चालन हुने व्यवस्था मिलाइएको ।

२. खानेपानी समस्याको समाधान गर्न पहल गरिएको ।

३. अक्ष्यक्ष कप खेलकुद कार्यक्रमको सञ्चालन गरी खेलकुद पर्यटनको विकास गरिएको ।

४. स्काई सिटी निर्माणको थालनी गरिएको ।

५. साक्षर गाउँपालिका घोषणा र तीन वटा वडा पूर्ण सरसफाई र घरभित्रको धुवा मुक्त घोषणा गरिएको ।

६. उज्यालो छथर प्रारम्भ वर्ष घोषणा गरिएको ।

७. पूर्वाधारको मापदण्ड सहित कार्य प्रारम्भ गरिएको ।

८. स्वास्थ्य जागरण अभियान सञ्चालन गरिएको ।

९. बाह्र वटा कानुन निर्माण गरिएको ।

१०. कृषिमा प्राविधिकरणको थालनी गरिएको, एक वटा हाटवजार स्थापना ।

**प्रस्ताव नं.२ स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ सम्बन्धमा**

***निर्णय नं.२*** माथि उल्लेखित प्रस्ताव मा छलफल गर्दा स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ लाई पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३ चालु आ.व.को स्थानीय न्यूनत्तम दररेट सम्बन्धमा ।**

***निर्णय नं.३*** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनत्तम दररेट तोक्ने पर्ने व्यवस्था भएको हुँदा यस आ.व. २०७५/०७६ को निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि तेह्रथुम जिल्लाको लागि स्वीकृत भएको जिल्ला दररेटलाईनै आधार मानि यस गाउँपालिका क्षेत्रभित्रको लागि लागत अनुमान तयार तथा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४ चालु आ.व. २०७५/०७६ को योजना सञ्चालन सम्बन्धमा ।**

***निर्णय नं. ४*** माथि उल्लेखित प्रस्ताबमा छलफल गर्दा मिति २०७५/०६/९ भित्र वडाको हकमा वडा समितिको बैठक बसी चौमासिक योजना तथा कार्यक्रमहरुको बर्गीकरण गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने र गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमको हकमा प्रमुख प्रशासकीय अधिकृत र प्रवक्ताले चौमासिक योजना तथा कार्यक्रमको वर्गीकरण गरी पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५ टोल विकास संस्था सञ्चालन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि २०७५ सम्बन्धमा ।**

***निर्णय नं.५*** माथि उल्लेखित टोल विकास सस्था सञ्चालन तथा परीचालन सम्बन्धी कार्यविधि २०७५ पारीत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६ गाउँ शिक्षा समिति गठन प्रकृया सम्बन्धमा ।**

***निर्णय नं.६*** माथि उल्लेखित प्रस्ताव माथि छलफल गर्दा निम्नानुसार गाउँ शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) पुण्यप्रसाद ढकाल | सदस्य |
| ग) विष्णुमाया सुवदी | सदस्य |
| घ) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

**प्रस्ताव नं.७ आन्तरिक लेखापरीक्षण सम्बन्धमा ।**

***निर्णय नं.७*** कोष तथा लेखा नियन्त्रक कार्यालय, तेह्रथुमको प.सं. २०७५/०७६ च.नं. ५५२ मिति २०७५/०३/०७ को पत्रबाट महालेखा नियन्त्रक कार्यालय, आ.ले.प शाखा अनामनगर, काठमाण्डौको च.नं. १४४, मिति २०७५/०३/०५ गतेको प्राप्त पत्रानुसार स्थानीय तहको आन्तरिक लेखापरीक्षण गर्ने सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट निर्णय सहित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध भई आएमा प्रचलित कानुन बमोजिम

आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गर्न दिने मिति २०७५/०३/०५ गतेको निर्णयानुसार अनुरोध छ भनि लेखी आएकोले सो अनुसार आवश्यक कारवाही गर्न जानकारीको लागि अनुरोध छ भनि लेखिइ आएको ।

गत आ.व.२०७४/०७५ को आन्तरिक लेखापरीक्षण गर्नको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, तेह्रथुमलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ सहयोग कोष परिचालन सम्बन्धी (प्रकोप, दिर्घरोगी र आकस्मिक कोष)**

***निर्णय नं. ८*** माथि उल्लेखित प्रस्ताव माथि छलफल गर्दा मुटुरोगी, क्यान्सर, मृगौला, क्षयरोग, बोनम्यारो डिप्रेसन आदि जस्ता गम्भिर प्रकृतिका रोगीहरुलाई पाँच हजार रुपैया देखि पच्चीस हजार रुपैया सम्म सहयोग प्रदान गर्ने निर्णय गरियो । आकस्मिक कोष सम्बन्धमा वाढी, पहिरो, आगलागी, भूकम्प आदि जस्ता प्रकोपबाट पिडितको हकमा पाँच हजार रुपैया देखि पच्चीस हजार रुपैया सम्म सहयोग गर्ने निर्णय गरियो । साथै अन्य मानवीय क्षति हुने प्रकारको आकस्मिक घटनामा सहयोग पुऱ्याउन घटनाको अवस्था हेरी पाँच हजार देखि पच्चीस हजार रुपैया सम्म सहयोग गर्ने निर्णय गरिायो ।

**प्रस्ताव नं. ९ सुख्खाग्रस्त राहात कार्यक्रम सम्बन्धमा ।**

***निर्णय नं. ९*** माथि उल्लेखित प्रस्तावमा छलफल गर्दा तेलीया खानेपानी आयोजना, ढाडखोला खानेपानी आयोजना र अधेरी पहरे खानेपानी आयोजना सञ्चालन गर्नको लागि विस्तृत लागत अनुमान तयार गरी प्रदेश सरकारमा पठाउने र प्रदेश सरकारसँग समन्वय गरी तत्काल राहात कार्यक्रम ल्याउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० बँगुरपालन व्यवसाय सम्बन्धमा ।**

**निर्णय नं. १०** माथि उल्लेखित प्रस्तावमा छलफल गर्दा शुक्रबारे वजार क्षेत्रमा बंगुरपालन व्यवसाय गर्ने कृषकहरुलाई वातावरण प्रदुशित नहुने गरी उचित किसिमले खोरको व्यवस्थापन गरी बंगुरपालन गर्ने र अन्य वडा कार्यालयहरुले आफ्नो आफ्नो वडा भित्र वडा समितिले निर्णय गरी बंगुरपालन व्यवसायलाई प्रदुषण रहित बैज्ञानिक बनाउदै लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं. ११** स्वास्थ्य संस्थामा जन्म भएका शिशुहरुलाई भत्ता सम्बन्धमा ।

निर्णय नं. ११ माथि उल्लेखित प्रस्तावमा छलफल गर्दा स्वास्थ्य संस्थामा जन्म भएका शिसुहरुलाई जन्म दर्ता तथा स्वास्थ्य संस्थामा जन्मेको प्रमाणको आधारमा स्वास्थ्य जागरण अभियान अन्तर्गत विनियोजित बजेटबाट जनही रु ५००।०० (पाच सय रुपैया मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ विविध (सहायक कम्यूटर अपरेटर, प्लम्बरको परीक्षा मिति तोक्ने, संविधान दिवस र ज्येष्ठ नागरिक दिवस मनाउने र गाउँ सभाले गरेको नीतिगत निर्णय कार्यान्वियन सम्बन्धमा**)

***निर्णय नं. १२*** सहायक कम्प्यूटर अपरेटरको लिखित परीक्षा मिति २०७५/०६/०८ गते विहान १०.०० बजे श्री लालीगुँरास बहुप्राविधिक शिक्षालयको तालिम हलमा सञ्चालन गर्ने र प्लम्बर पदको परीक्षा अन्तर्वार्ताबाट नै उम्मेदवारको छनौट गर्ने र अन्तर्वार्ताको मिति सहायक कम्प्यूटर अपरेटर पदको अन्तर्वार्ताको मिति सँगै तोकिने र परीक्षा सम्बन्धी अन्य विषयमा कर्मचारी छनौट समितिले निर्णय गरे बमोजिम हुने निर्णय गरियो । र संविधान दिवस असोज ३ गते साथै ज्येष्ठ नागरिक दिवस असोज १५ गते सबै वडा कार्यालयहरुले मनाउने निर्णय गरियो ।